# स्वामीकार्तिक खापर गाँउपालिकाको आ. व. २०७६/७७ को

# नीति तथा कार्यक्रम

## स्वामीकार्तिक खापर गाँउपालिका

सुइजिउला वाई,बाजुरा

मिति २०७६ असार १० गते

प्रस्तुतकर्ता : चिरञ्जीवी शाही

अध्यक्ष

स्वामीकार्तिक खापर गाउँपालिका

**स्वामीकार्तिक खापर गाँउपालिकाको आ. व. २०७६/७७ को नीति तथा कार्यक्रम**

**यस गाँउ सभाका अध्यक्षज्यू**

**सभाका सदस्य ज्यूहरु तथा अन्य उपस्थित सम्पूर्ण अथिति महानुभावहरु**

आज मिती २०७६/३/१० गतेका दिन हाम्रो स्वामी कार्तिक खापर गाउपालीकाको २०७६/७७ को नीती तथा कार्यक्रम पेश गर्न पाउदा अत्यन्तै गौरवको महसुस भएको छ ।

आज यस घडीमा मुलुकको राजनैतीक परिर्वतनका विभिन्न आन्दोलन मा आफ्नो जिवनको बलिदान दिनु हुने सम्पुर्ण ज्ञातअज्ञात शहीद प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै यसको नेतृत्व गर्नुहुने सम्पुर्ण नेताहरु प्रति सम्मान व्यक्त गर्दछु । यस गाउँपालिका को समग्र परिर्वतन र विकास निर्माणमा अग्रीम भुमीका निबार्ह गर्नुहुने सर्म्पुण दिवंगत अग्रजहरु लाई यस सम्मानीत गाँउ सभा मा स्मरण गर्न चाहान्छ् । साथै यसै बर्ष भित्र हाम्रो गाउँपालिका भित्रका दिबंगत हुनु भएका सम्पुर्ण ब्यक्ती प्रती हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहान्छु ।

बाजुरा जिल्लाको बिकट तर सुन्दर एवं सम्भावना वोकेको स्वामीकार्तिक खापर गाँउपालिकाको पुर्वमा कालिकोट र मुगु जिल्ला पश्चिममा जगन्नाथ गाउँपालिका, उत्तरमा हिमाली गाउपालिका र दक्षिणमा कालिकोट जिल्लासंग सिमाना जोडिएको छ । ११०.५० बर्ग कि मी क्षेत्रफलमा फैलिएको यस गाँउपालिकामामा २४ सय ४२ घरधुरीका १४,९०९व्यक्तिहरु बसोबास गर्दछन । ३०.१३ प्रतिशत दलित, ४२.४२ प्रतिशत क्षेत्री, ८.०८ प्रतिशत बाहुन, १५.५६ प्रतिशत ठकुरी र ३.८० प्रतिशत सन्यासी/दशनामी समुदायको बसोबास रहेको यो गाँउपालिका साविकको साप्पाटाका विकट बस्ती लौठी, उपरगाउ देखि साविकको वाई गाविसको मिगुको बस्ती समेत पर्दछ । पानीका स्रोत अत्यन्तै कम भएको यस गाँउपालिकामा खेतियोग्य जमिनभएर पनि खडेरी र भोकमरी समस्याले ग्रसित छ । ३ वटा स्वास्थ्य चौकी, दई वटा सामुदायिक स्वास्थ्य इकाइ, ६ वटा माध्यामिक बिद्यालय, २० वटा आधारभुत बिद्यालय , २४ वटा वालविकास केन्द्र र ३ वटा निजि विद्यालय स्थापना भई संचालनमा रहेका छन ।

यस गाउँपालिकाको मुखैमा बगीरहेको कर्णाली नदी लाई सिँचाई र जलयात्राका लागि उपयोग गरिने । साथै कर्णाली कोरिडोर को उपयोग गर्नाका लागि आर्थिक उत्पादनलाइ वृद्धि गरीने छ । २ बर्ष भित्र गाउँपालिकाका सबै वडा केन्द्रमा मोटर बाटो पुर्याउने र यसै बर्ष भित्र सबै वडाका गाँउ मा बिजुली बाल्ने दृढ संकल्प गर्दै आ.व. २०७६/०७७ मा कार्यान्वयन गरिने नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

गाउँपालिकाको अभिभार समालेको दुई वर्ष पार गरी तेस्रो बर्ष मा प्रवेश गरेका छौ । यसै विचमा हामी आर्थिक समृद्धीको मार्ग अगाडी बढाउन अहिलेको प्रमुख राष्ट्रिय कार्य भार रहेको छ । मूलुकमा जुन प्रकारको आर्थिक चुनौति र अवसर देखा परेका छन् हाम्रो गाउँपालिमा पनि त्यसको प्रत्यक्ष प्रभाव रहेको छ । मानव सुचाङ्कका साथै अन्य आर्थिक आयका दृष्टिकोणले ७५३ वटा स्थानीयतहमध्ये सबै भन्दा पछाडी हामी उभिएका छौ । यस्तो बिसम परिस्थितिमा हाम्रो गाउँपालिकाको समग्र पक्षमा परिवर्तन ल्याउनका लागी सही नीति र कार्यक्रम ल्याउनु र त्यसको सही ढंगले कार्यान्वयन गर्नु अहिलेको प्रमूख आवश्यकता रहेको छ । हाम्रो गाउँपालिका भित्र सदियौ देखि हामीले देखेका सपनाहरु एकातिर जिउका तिउछन् भने अर्को तिर सामान्य देखि सामान्य ढंगका समस्याहरु जस्ताका तस्तै छन् । गाउँपालिका भित्र सम्रग रुपमा सामाजिक सांस्कृतिक परिवर्तन र रुपान्तरणका पक्षहरु पनित्यतिकै जटिल रुपमा रहेका छन् । साथै एकातिर जटील यथास्थितिवादी चिन्तन जस्ताको त्यस्तै रहेको छ भने अर्कोतिर तीव्र परिवर्तनको आशा उर्लंदो भेल जस्तै अगाडी बढ्न खोजिरहेको छ । सबै खालका नयाँ सम्भावनाहरु लाई मूर्तरुप

दिनका लागी सबैको सक्रिय सहभागीता आवश्यक छ । यी सबै परिस्थितिका बीच हामीले देखेका सपनाहरु पुरा गर्ने र हाम्रा समस्याहरु समाधान गर्नु अहिलेको प्रमूख आवश्यकता रहेको छ ।

**आ.व. २०७५/०७६ मा संचालन भएका योजना तथा कार्यक्रमहरुको समिक्षा**

सभा अध्यक्ष, महोदय

हामीले पहिलो वर्ष ल्याएका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा हाम्राबिच नयाँ अनुभव, आवश्यक नीति नियमको अभाव, आवश्यक कर्मचारीको अभाव आदी कुराहरुको प्रत्यक्ष प्रभावरहयो नै, तर यसै बिच बाट हामीले केहीकार्यको थालनीगर्दैर घोषित नीति तथा कार्यक्रमको कार्यान्वयन पाटोलाई अगाढी बढाएका छौं ।

आ.व. २०७५।०७६ मा लागु हुने गरी ल्याइएका नीति तथा कार्यक्रमहरु केही चालु आर्थिक वर्ष भित्र पुरा गर्ने र केही क्रमागत रुपमा समाप्त गर्ने खालको नीति र कार्यक्रम रहेको मध्ये धेरै खालका चुनौति का बावजुत पनि धेरै जसो कार्यक्रमलाई लाई सम्पन्न गर्न सफल भएका छौं । जस मध्ये विकास निर्माणलाई सम्पन्न गर्ने,आर्थिक व्ययलाई कम गर्ने र आन्तरिक राजश्वलाई बृद्धि गर्ने हेतुले,कर्णलीमा संञ्चालन र ऱ्याफ्टिङ्ग, स्याउ, ओखर तथा पलफुल खेती गरेका छौ । जस बाट गाउँपालिकाको आन्तरिक श्रोतको बलियो आधार मिलेको छ ।

वडा नं. ५ को जेरा देखि मिगु बस्ती सम्म आवत जावत मा रहेको कठिनाई लाई समाधान गर्न जेरा मिगु झोलुङ्गे पुल को योजना यस आ.व. २०७५/०७६ को प्रदेश सरकारको कार्यक्रममा समावेश गर्न सफल भई हाल कार्य निर्माणधीन अबस्थामा रहेको छ ।

व्यरोजगारी समस्या लाई न्युनीकरण गर्न यस गाउँपालिका मा आ व २०७५/०७६ बाट संञ्चालन आएको युवा रोजगार कार्यक्रम लाई निरन्तरता दीदै सम्बन्धित वडाकका विकास निर्माण कार्यमा सहभागि गराउने कार्यक्रम बनाएका छु

सिँचाई योजना तर्फ ढिकुरी कुलो कोट कुलो, निर्माणको पहिलो वर्षमा लक्षितकाम सम्पन्न भएको र यस वर्षमा यी योजनालाई प्राथमिकताका साथ निरन्तरता दिइने छ ।

गाउँपालिकाको बिभिन्न वडाहरुमा दिगो कृषी आय आर्जन र गाउँपालिको बिकासका लागी १ हजार उन्नत जातको एक वर्षमै फल्ने स्याउ परिक्षण गर्दा फलीसकेको छ ।

स्याउका १५ हजार स्थानीय जातका विरुवार र १३ सय र दाते ओखर का बिरुवा रोपि कृषि बिकासमा नयाँ आयाम थप्ने कार्यलाई अगाढी बढाएको छ ।

आ.व. ०७५ /०७६ का विभिन्न वडा अर्न्तगत छुट्याइएका योजनाहरु हाल सम्म ८० प्रतिशत काम सम्पन्न भइसकेका छन् ।

**अध्यक्ष महोदय,**

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ अनुसूची ८ का अधिकार अनुसूची ९ का साझेदारी अधिकारको प्रयोग गर्दै जनताको समावेशी अधिकार लाई सम्मानगदै त्यस अनुरुप मा कार्यको सहि ढंगले कार्यान्वयन गर्नु पर्ने सन्दर्भमा

**आगामी आ व २०७६/७७ को नीति तथा कार्यक्रम**

**अध्यक्ष महोदय,**

**(क) कृषि तथा पशुपालन व्यवसाय**

१. कृषि क्षेत्रको आधुनिकीकरण तथा उत्पादन मा बृद्धि गर्दै बल्क र पकेट क्षेत्रको रुपमा विकास सम्बद्द्धन र संरक्षण गरी स्याउ तथा ओखर अन्य फलफुल नर्सरी को स्थापना गरिनेछ।

२. व्यक्तिगत बाँझो जग्गाहरु को लगत संकलन गरी सामुहिक खेतीलाई प्रोत्साहन गरिनेछ।

३. स्थानीय बालीको जर्गेना गर्नका लागि विउ उत्पादन तथा संरक्षणको लागि विउ वैंकको स्थापना तथा व्यवस्थापन लाई जोड दिइनेछ।

४. रैथाने बालीको उत्पादन लाई वढावा दिनुका साथै बजारीकरणका लागिपहल गरिनेछ।

५. स्याउ खेतीको बिस्तार,आधुनिक प्रविधिको प्रयोग र उत्पादित स्याउको संरक्षणका लागि कोल्ड स्टोर स्थापना गरी बजारिकरण गरिनेछ।

६. स्याउको जुस, जाम,चाना र वाइन उत्पादन गर्न आवश्यक प्रविधिहरु भित्राइनेछ।

७. स्याउ, नासपाति, जैतुन, ओखर, अनार, आँप, सुन्तला, र कागति जस्ता फलफूल खेतीलाई व्यवसायिक रुपमा बिस्तार गर्नका लागि कृषकलाई प्रोत्साहित गरिनेछ।

८. अगुवा कृषकहरु लाई तालिम,प्रोत्साहनको व्यवस्था गरिनेछ।

९. माटो परीक्षण गर्नका लागि सम्बन्धित निकायमा समन्वय गरिमाटो सुहाउदो बालीको प्रर्वधनका लागि पहल गरिनेछ।

१०. उन्नतजातको विऊ विजन सहुलियत दरमा वितरण गरि आगामी १ वर्ष भित्र तरकारीमा आत्मनिर्भर गाउँपालिका वनाइनेछ।

११. व्यवसायिक पशुपालन मा विशेष अनुदानको व्यवस्था गरी भेडा,बाख्रा र कुखुरा फर्म स्थापना गर्ने कृषक समुह र युवाहरुलाई अनुदानको व्यवस्था गरिनेछ।

१२. गाँउपालिका भित्रपशु स्वाथ्य शिविर,पशु स्वास्थ्य उपचार,गोठे मलसुधार र भकारो सुधार कार्यक्रमलाई संचालन गरिनेछ।

१३. व्यवसायीक पशुपालन गर्ने कृषकलाई उन्नत जातको राँगा,बोका, साँढे खरिद तथा ढुवानीमा किसानलाई अनुदान दिईने नीतिलिइने छ।

१४. जैतुन जोन कार्यालयसंग समन्वय गरी जैतुन संरक्षण तथा प्रर्वधन गर्ने कार्यक्रमहरु संचालन गरिने छ।

१५. हाईटेन्सन उन्नतजात को स्याउको विरुवा भित्र्याइ व्यावसायिक स्याउ खेतीको प्रवर्द्धन गरिनेछ ।

१६. कपास खेती, उन्नतजातको वदाम खेती लगायतका खाद्यान्न फलफुल तथा नगदे वालीको प्रर्वद्धनका लागि कृषक संग मन मोहन कार्यक्रम संचालन गरिने छ।

१७. यस क्षेत्रको खडेरी र भोकमरीलाई मध्यनजर गर्दे सिंचाईका आयोजना हरुलाई प्राथमिकता दिइ लागु गरिनेछ।

१८. बाली बिमा, कृषि बिमा एंव पशु बिमा काकार्यक्रमहरु लागु गरिने छ ।

१९. कृषि रणनीती गुरु योजना बनाई लक्ष अनुरुप अगाडी बढाईने छ ।

२०. गाउँपालिकाको घाँस नर्सरी स्थापना गरिनेछ ।

२१. मौरीपालन गर्ने व्यवसायिकलाई अनुदानको व्यवस्था गरिनेछ ।

**(ख) शिक्षा युवा तथा खेलकुद**

१. आधारभुत र माध्यामिक विद्यालयको भौतिक पुर्वाधारमा जोड दिइनेछ । र अस्थायी टीनका छानाहरु , टहरालाई बिस्तावित गरी आवश्यकताका आधारमा आधुनिक भवन निर्माणमा पहल गरिनेछ ।

२. सुचना प्रविधिमा आधारित सिकाई कार्यक्रम लागु गरिनेछ ।

३. यसै शैक्षिक सत्र भित्र निश्चित मापदण्ड भित्रनपर्ने बिद्यालयहरु लाई समायोजन गरिने नीतीलिइनेछ ।

४. अपाङ्ग, बिपन्न तथा फरक क्षमता भएका परीवारका विद्यार्थीहरुलाई आबश्यक सहयोग गरीने छ । र दृष्टीबिहीन ,बहीरा बालबालिकाहरुको तथ्याङ्क संकलन गरी सांकेतिक भाषाको लागी शिक्षकहरु लाई तालिमको व्यवस्था मिलाईने छ ।

५. शिक्षाका सबै तहमा गुणस्तरीयता सुनिश्चित गर्न गाउँपालिका मा शिक्षा सुढीकरणका लागी आबश्यक मापदण्ड बनाई स्वयमसेवक शिक्षक नियुक्ति गरिनेछ ।

६. माध्यमिक विद्यालयलाई सूचना, सञ्चार र प्रविधि सँग जोडनका लागि विज्ञान प्रयोगशाला, पुस्तकालय र आइ. सि.टि. ल्याब सहित इन्टरनेट जडानका लागि कार्यन्वयन गरिनेछ ।

७. प्राविधिक शिक्षा संचालन गर्नका लागि प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद (CTEVT),शिक्षा विभाग र मन्त्रालय संग समन्वय गरिनेछ ।

८. गाउँपालिका भित्रको कुनै एक माध्यमिक विद्यालयलाई विज्ञान र व्यवस्थापन विषय अध्यापनकालागि विशेष पहल गरिने छ ।

९. विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गर्न विद्यालय भित्रकुनै पनि राजनीति कदलका कार्यक्रमहरु संचालन गर्न नदिने व्यवस्था मिलाईने छ ।

१०. सामुदायीक अध्ययन केन्द्रहरुको स्तर वृद्धि गरी युवा सुचना केन्द्र र पुस्तकालयको रुपमा विकास गदै लगिने छ ।

११. निजी क्षेत्रको लगानीमा संञ्चान भएका बिद्यालयहरु लाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाईने छ।

१२. गाउँपालिका भित्र रहेका विद्यालयहरुको शिक्षाको गुणस्तर लाई आधार मानी विद्यालयहरु लाई बर्गीकरण गरी पुस्कृत र दण्डीत गरीने छ । साथै विद्यालयहरुलाई प्रतिपर्द्धी बनाउन बिद्यालय स्थरीय शैक्षिक प्रतियोगीता गराईने छ ।

१३. वडा शिक्षा समिती र विद्यालय व्यवस्थापन समितीले अनिवार्य रुपमा महिनाको १ पटक बिद्यालयको अनुगमन गरी गाउँपालिकालाई प्रतिवेदन पेश गनुपर्ने नीती अबलम्बन गरिनेछ ।

१४. गाउँपालिका स्थरिय युवा संञ्जाल र प्रत्येक वडा स्तरमा युवा क्लब गठन गरी युवा शसक्तीकरण कार्यक्रमहरु संञ्चालन गरीने छ । र कृर्षी तथा पशु ब्यबसायमा आबद्दता भएका युवा ब्यबसायीहरु लाई आबश्यक आर्थीक सहयोग गरीने छ ।

१५. युवाहरुको क्षमताको आधारमा व्यवसाय मुक, रोजगारी मुलक तालिमको व्यवस्था गरीने छ ।

१६. गाउँपालिका भित्र खेलकुद पुवाधार निर्माण गरीने छ । र राष्ट्रपति रनीगंड शिल्ड लाई निरन्तरता, मर्यादीत र व्यवस्थित बनाईने छ ।

१७. खेलकुद क्षेत्रको विकासका लागी गाउँपालिका स्थरीय खेलकुद युवाक्लब गठन गरिने छ ।
१८. गाउँपालिका स्थरीय बिद्यालय मा त्रैमासीक परीक्षा संञ्चालनका लागी आबश्यक ब्यवस्था गरीने छ ।
१९. शैक्षिक अनुसन्धान केन्द स्थापनका गरी शैक्षिक गुणस्थर तालीम संञ्चालन का लागी ब्यबस्था मिलाईने छ ।
२०. शैक्षिक गुणस्तरका लागी अभिभावक शिक्षा कार्यक्रमर सरोकारवाला हरु लाई चेतनामुलक तालिमको ब्यबस्था मिलाईने छ ।
२१. गाउँपालिका भित्रका युवाहरुको क्षमता अभिवृद्धि गर्न प्रत्येक वर्ष अध्यक्षकप प्रतियोगिता सञ्चालन गर्ने व्यवस्थामिलाईने छ ।
२२. गाउँपालिकामा खेलकुद शाखा स्थापना गरिनेछ ।

**(ग) स्वास्थ्य सेवा**

१. स्वामीकार्तिकको नारा ***"पोषण युक्तखाना,कुपोषण मुक्त समाज"*** लाई आत्मसात गरी सोही बमोजिम काकार्यक्रम सञ्चालन गरिनेछ ।
२. स्वामीकार्तिक खापर गाउँपालिकाको केन्द्रमा १५ शैयाको अस्पताल स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
३. स्वास्थ्य सेवाको पहुच बाट टाढा रहेका वस्तीहरुमा सामुदायिक स्वास्थ्य इकाईको स्थापना,घुम्ती शिविर र मेडिक मोवाइल स्वास्थ्य सेवा अभियान संचालनका लागि पहल गरिनेछ ।
४. सामाजिक सुरक्षा भत्ता प्राप्तगर्ने जेष्ठ नागरीकहरुलाई घरमा गएर स्वास्थ्य परिक्षणका सेवा संचालन गरिनेछ ।
५. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार,आधारभुत स्वास्थ्य सेवामामा सवैको पहँच पु¥याउन स्वास्थ्य शिविर,सुत्केरीलाई पोषणयुक्त आहार तथा स्वास्थ्य स्वयम सेविकालाई कार्य सम्पादनको आधारमा प्रोत्साहन गरिनेछ ।
६. महिला स्वास्थ्य स्वयंसेवीकाहरुले स्वास्थ्य क्षेत्रमा गरेको योगदानको कदर गर्दै अवकास हुनचाहने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक बिदाई एवं नयाँ पुस्ताका शिक्षित महिला स्वास्थ्य स्वयंसेविकाहरु छनौट गर्ने नीति लिइनेछ ।
७. स्वास्थ्य संस्था भन्दा बाहीर रहेका बस्तीहरु मा प्रसुती गृह निर्माण का लागी आबश्यक पहल गरीने छ ।
८. पोषणयुक्त खाना का लागी घर मा करेसाबारी निर्माण गर्ने हरुकालागी तरकारी बिउबिजनका लागी गाउँपालिका बाट पहल गरीने छ । र बहुक्षेत्रीय पोषण कार्यक्रम प्रवाह मुखी बनाइने छ ।
९. गरीब, बिपन्न, असाहयहरु लाई जटलि खाला रोगको औषधी उपचारका लागी सहयोग गर्ने ब्यबस्था मिलाईएको छ ।
१०. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी सामुदायीक स्वास्थ्य ईकाइहरुमा राज्यद्वारा घोषीत निशुल्क औषधी खरीद एवं वितरण बिगतझैं समयमै खरीदएवं वितरण गरी औषधी अभाव हुननदीने नीती अबलम्बन गरीनेछ ।
११. जनस्वास्थ्यलाई अत्यावश्यक,आधारभुत तथा मौलिक अधिकार रुपमा स्थापीतगदै स्वास्थ्य संस्थाको स्तोरन्तती एवं स्वास्थ्य सेवाप्रवाहलाई गुणस्तरीय बनाईने छ । र गाउँपालिका केन्द्रमा आयुर्बेद औषधालय स्थापनाका लागी आवश्यक पहल गरीने छ ।
१२. स्वास्थ्यचौकीलाई व्यवस्थित गर्दै आवश्यक उपकरणहरुको व्यवस्था गरीने छ र प्रत्येक वडाका स्वास्थ्य चौकीमा ल्याबको व्यवस्था मिलाई आवश्यक कर्मचारीको व्यवस्थापन गरिनेछ ।

**(घ) खानेपानी तथा सरसफाई**

१. स्वच्छ खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना तयार गरी लागु गरिने छ ।

२. गाउँपालिका क्षेत्रभित्र  एक घर एक चर्पी, जुठयान र चाङको नीति पुर्ण रुपमा लागु गरिनेछ आगामि १वर्ष भित्र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा गरिनेछ । खानेपानी योजनाहरुको सुचारु संचालन कालागि प्राविधिक जनशक्तिको व्यवस्था गरिने छ ।
३. खानेपानी अभाव भएका गाउँ टोल र वस्तीको सम्भाव्यता अध्ययन गरी १ वर्ष भित्र स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।
४. प्रत्येक खानेपानी योजनामा खानेपानी सुरक्षा योजना र मर्मत सम्भार कार्यविधि अनिवार्य रुप लागु गर्नुपर्ने व्यवस्था गरिनेछ ।
५. नयाँ बजार र नयाँ बस्ती बिकासका लागि एकिकृत बस्ती बिकास योजनालाई समन्वयतात्मक रुपमा संचालन गर्न पहल गरिनेछ ।
६. खानेपानी  तथा सिचाईका मुहानहरु तथा सिम क्षेत्रको  संरक्षण गर्नका लागि विशेष कार्यक्रम लागु गरिनेछ ।
७. गाउपालीका र ग्रामीण जल स्रोत परीयोजना को साझेदारीमा परीयोजना संञ्चालन भएका वडा हरुमा स्वच्छ खानेपानी ,सीचाई र आर्यआर्जका कार्यक्रमहरु लागु गरीने छ ।

**(ङ) धार्मिक तथा पर्यटन प्रवर्द्धन तर्फ**

१. गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक,प्राकृतिक सम्पदालाई संरक्षण र सम्बर्द्धनगरी आर्थिक आयआर्जनको आधार बनाइनुका साथैपर्यटन क्षेत्रको विकासकालागि अध्ययन अनुसन्धान गरी स्थानीय पर्यटन बोर्ड बनाई क्रियाकलाप हरुलाई तिव्रता दिइनेछ  । अन्य पर्यटकीय स्थानको बिवरण संकलन गरी प्रचार प्रसार र बोस्रर प्रकाशनमा ल्याईने छ ।
२. धार्मीक देउरा क्षेत्रलाई धार्मीक पर्यटकीय रुपमा उपयोग गर्नका लागी आबश्यक पर्ने भौतीक पुबाधार तयार भएको र बाकी कार्य अगाडी बढाउन साथै यस क्षेत्र भीत्र यसै बर्ष भीत्र ६०० बिभिन्न फफुलका बोट रोप्ने गरी यस लाई फलफुल पार्क को रुपमा विकास गरीने छ।
३. अन्य धामीक क्षेत्र भित्र रहेका परम्पराग मठ मन्दीर हरुको निर्माणका साथै यसका वरीपरी वन क्षदेत्रको पिलु पार्क निर्माण, पर्यटकी स्थलको संरक्षण  र पोखरीको निर्माण गरी पर्यटक क्षेत्रको रुपमा विकास गरीने छ  ,युवा उद्यमीको  क्षमता विकास र पर्यटकको मनोरज्जनको लागि कर्णाली नदीमा र्‍याफ्टि व्यवसाय संचालन गर्नका लागि नीजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
४. स्वामीकार्तिक खापर गाउपालिका क्षेत्र भित्र मनाईने कला, लोक संस्कृति र स्थानिय चाडपर्वलाई समयानुकूल ब्यवस्थित रुपमा मनाउन,बिकास र संरक्षण गर्नका लागिलोक साँस्कृतिक क्षेत्रमा क्रियाशील संघ संस्थाहरुलाई परिचालित गरिनेछ ।
५. गाउँपालिका क्षेत्रभित्र रहेका सार्बजनिक जग्गाको नियमानुसार संरक्षण गर्ने नीतिलिईनेछ ।
६. गाउँपालिका क्षेत्रभित्र रहेका मठ मन्दिर, ऐतिहासिक स्थल  तथा धार्मिक पर्यटन क्षेत्रको अध्ययन अनुसन्धान गरी मर्मत संभार र प्रर्वद्धन गरी प्रचार प्रसार गरिने छ ।
७. गाउँपालिका क्षेत्रभित्रका ढुंगेधारा तथा पाटी पौवाहरुको संरक्षण तथा सर्म्वधन गर्ने नीतिलिईने छ।

**(च)वन तथा वातावरण**

१. प्राविधिक सहितको टोलीद्वारा वन क्षेत्रको नाप जाँच तथा सार्वजनिक, कबुलियती वन र सामुदायीक वन क्षेत्रको निर्धारण गरिनेछ ।
२. वन क्षेत्रमा ढले परेका रुखहरु संकलन गरी त्यसलाई आवश्यक प्रकृया बमोजिम उचित प्रयाग मा ल्याइने छ ढले पडेका वनको काठ ब्यबस्थापन गर्न नीती अबलम्बन गरीने छ ।

३. राष्ट्रिय वन, सामुदायीक वन, धार्मिक वन, कबुलियती वन र नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।व्यावसायिक ढंगले केही समयका लागि बनको खाली क्षेत्रको जग्गा प्रयोग गरी बृक्षारोपण, फलफुल खेती जस्ता कार्य गर्न चाहेमा सम्झौता गरी उपलव्ध गराउने नीति लिइनेछ ।

४. राष्ट्रिय वन तथा सामुदायीक वनको जग्गा अतिक्रमण,खोरिया खन्ने,अबैध चोरी शिकारी,अबैध रुपमा काठ काट्ने तथा काठ निकाशी गर्ने र जडीबुटी निकाशी गर्ने व्यक्तिलाई कानुनी दायरा माल्याई कारवाही का लागि सम्वन्धित निकायमा पहल गरिने छ ।

५. हरेक मृत्यु हुने व्यक्तिको सम्झनामा रुख रोप्ने प्रचलनको आरम्भ गर्ने र यस अभियानलाई संस्कार संग जोड्दै लग्ने परम्परा थालनी र विकास गरिने छ ।

६. काठ जन्य सामग्रीमा आत्मनिर्भर बन्नका लागि युवाहरुलाई तालिम दिनुका साथै स्थानिय व्यावसायीहरुलाई प्रोत्साहन का लागी निती अबलम्बन गरिनेछ ।

७. गाउँपालिकालाई आवश्यक फर्निचर हरुको बाहिरबाट हुने आयात बन्द गरी गाउँपालिका भित्रै उत्पादन भएका काठका फर्निचर प्रयोग गर्ने नीति लिइनेछ ।

८. हरियाली वढाउ, खडेरीबाट मुक्त होऔं भन्ने नारालाई कार्यान्वयन गर्न खाली क्षेत्र मा अनिवार्य बृक्षारोपण गर्ने र यसकालागि स्थानीय टोल विकास संस्था तथा सामुदायीक वनहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम ल्याईने छ ।

९. गाउँपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभावमुल्यङ्कन र बायो इन्जिनियरिङको प्रबिधि अबलम्बनगर्दै लगिनेछ ।

१०. वातावरण संरक्षणका लागि जलबायु परिबर्तन अनुकुलनका कार्यक्रम,वन तथा वातावरण संरक्षण कार्यक्रम संचालनका लागि पहल गरिने छ ।

११. बाढी र पहिरो बाट हुने धनजनको क्षतिन्युनिकरणका कार्यहरु क्रम संचालन गरिनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्रहुने बाढी, पहिरो ,आगलागी ,सुक्काखडेरी जस्ता प्राकृतिक बिपती र अन्य कृतिम बिपत्तीबाट उद्धार गरी तुरुन्त राहतकार्य गर्न गाउपालिका , नेपालप्रहरी,नेपाल रेडक्रस सोसाईटी ,नेपाली सेनासंग समन्वय गरी तुरुन्त उद्धार , प्राथमिक राहत र दर्घिकालिन योजना बनाउन गाउपालिका स्तरीय बिपद् व्यबस्थापन निती निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१३. गाउँपालिकामा विपद जोखिम व्यवस्थापन कोषको स्थापना गरी सञ्चालन लाई निरन्तरता गरिने छ ।

१४. कर्णालीनदीको संरक्षण तथा सर्म्वधन गरी कर्णालीनदीलाई गाउपालिकाको आयाश्रोतको प्रमुखआधारको रुपमाविकास गर्ने ।

१५. हरित स्वामीकार्तिक खापर गाउपालिकालाई हरियाली वनाउनका लागि मदन भण्डारी हरित कार्यक्रम मार्फत प्रत्येक वनपाखाहरु मा प्रत्येक घरले एक पानीखाल्डा खन्ने र एक रुख रोप्ने अभियान संचालन कार्यक्रम लाई निरन्तरता गरिनेछ ।

### (छ) पूर्वाधार बिकास, स्थानिय सडक पुलतथा झोलुङ्गे पुल

१. गाउँपालिका केन्द्र बाट सवै वडाकेन्द्र जोड्ने गरी वडा नं ५ को कालापहरा देखि वडा नं २ को पुलाँहाखोला सम्मको ग्रामिण सडकलाई नरजंग, नरजित, नरपति ग्रामिण सडक नामाकरण गरी शुरु गरिएका निर्माणलाई निरतन्तर अगाडी बढाइने छ ।

२. वडानं ५ को काला पहाडा देखी गाउपालीका को केन्द्र हुदै वडानं २सम्म सडक बिस्तार गरीने छ ।

३. क्रमश सबै वडाकेन्द्रमा वडा कार्यालयको जग्गा व्यवस्थापन भवन निर्माण र घेरवार कार्यलाई अगाडी बढाइनेछ।

४. कर्णाली लोकमार्ग संग यस गाउपालिकाको सडक सञ्जाल जोड्नकालागि कर्णालीको उपयुक्त स्थानमा पक्कीपुल निर्माणलागि आवश्यक समन्वय गरिनेछ ।

५. गाउपालिका क्षेत्र भित्रका पूर्वाधार निर्माण गर्दा वडा स्तरीय,गाउपालिका स्तरीय र प्रदेश/संघ स्तरीय योजना गरी ३ तहमा बर्गिकरण गरी कार्यन्वयन गरिनेछ ।

६. साना तिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि पूजीगत बजेटबाट केही बजेट मर्मत सम्भार कोषमा बिनियोजिन गरिनेछ । २ लाख वरावरका निर्माण कार्यमा अध्यक्षको सोभ्कै तोकबाट योजना छनोट र रकम विनियोजन गरिनेछ ।
७. हाल संचालनमा रहेका भ्कोलुङ्गेपुलहरुको संरक्षण गरी नया भ्कोलुङ्गेपुलहरु आवश्वकता र सम्भाव्यताका आधारमा क्रमश निर्माण गर्न पहल गर्न कार्य लाई निरन्तता गरिनेछ ।
८. गाउँपालिका का लागि आवश्वक पर्ने मेशिनरी औजार तथा सवारी साधान खरिद गरिनेछ ।
९ घट्टेपाटा र छुदरीको भ्क.पु निर्माण कार्य यसै आ.व भित्र सुरु गरिने छ ।

## (ज) सिँचाई

१. व्यवसायिक कृर्षि गर्नाका लागि आकासे टंकी ,पोखरी ,थोपा सिँचाईको व्यवस्थापन गरिनेछ ।
२. स्वामीकार्तिक खापर गाउँपालिकाको खेतियोग्य जमिनमा सिचाईका सुबिधाका लागि सम्भाब्यता र लागत लाभका आधारमा सिँचाई कुलो निर्माण गरिनेछ ।
३. भतेडी गाड, कोट कुलो र ढिकुरी कुलोबाट सिचाईको सम्भाव्यता अध्ययन तथा डिटेल सर्वे गरी निर्माण कार्यका लागि संघ तथा प्रदेश सरकार संग अनुरोध गरिने छ ।
४. कर्णाली नदिबाट लिफ्ट सिँचाईको माध्यामबाट यस आ.व. मा सिँचाइ आयोजना संचालन शुरु गरिनेछ ।
५. आवश्यक स्थानहरुमा सम्भाव्यता र औचित्यता काआधारमा सिचाई टँयाकी निर्माण गर्ने नीति लिईने छ ।

## (झ) भवन तथा सहरी बिकास

१. गाउँपालिका केन्द्र रहेको क्षेत्र तथा आसपासमा चालु आर्थिक बर्ष देखि सहरी तथा भवन निर्माण मापदण्ड २०७२ र राष्ट्रिय भवन संहिता तथा मापदण्ड लाई सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माण गर्दा पालना गर्न लगाईने र क्रमश सबै वडाहरुमा व्यक्तिगत घर निर्माणमा समेत लागु गर्ने नीति लिईनेछ ।
२. गाउँपालिकाको भवन निर्माणको कार्य लागि आवश्यक पहल गरिनेछ ।
३. स्वास्थ्य चौकी भवन तथा विद्यालयका भवनहरुको स्थलगत अनुगमन गरी जीर्ण तथा अपुग स्थानमा भवन निर्माणको कार्यलाई प्राथमिकता साथ समन्वय र पहल गरिने छ ।
४. घर, छाना तथा घट्ट निर्माणका लागि वडा तथा गाउँपालिकाबाट अनुमति लिई निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।
५. घर तथा छाना निर्माणमा छतमा काठ राख्ने कार्यका लागिपुर्जी रोक्का गर्ने र रुख काट्न बञ्चरो प्रयोगलाई रोक लगाई आरा प्रयोग गर्ने नीति कडाईका साथलागु गरिने छ ।
६. घर छाना निर्माणका लागी वडा तथा गाउँपालिका बाट अनुमति लिई सकेपछि मात्र सामुदायिक वन हरुले पुर्जी दिने व्यवस्था मिलाइने छ ।

## (ञ) उर्जा,लघु जल बिधुत तथा साना जलबिधुत एवं बैकल्पिकउर्जा

१. जेरा लघु जल बिद्युत आयोजना ।
२. स्वामीकार्तिक खापर गाउपालिकाको क्षेत्रमा रहेका पानीको श्रोतहरुको अन्ध्ययन गरी विद्युतनिर्माण गर्न सकिने भए स्थानमा प्राथमिकताका साथ निर्माण कार्य गर्ने नीति अबलम्बन गरीने छ ।
३. बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग लाई प्राथमिकता दिईनेछ ।
४. गोवर ग्यास प्लान्टहरु निर्माणमा थप सुविधादिई निर्माणमा किसानहरुलाई प्रोत्साहित गरिने छ ।
५. खालीखोला लघु जलविद्युतलाई यसै आ.व भित्र सम्पन्न हुने व्यवस्था मिलाईने छ भने स्वामीकार्तिक खापर गाउँपालिकालाई बिधुतिकरण गर्नभुकाहाँ, जुड्डी लघु जलविद्युतर जगन्नाथलघु जलविद्युतसंग थप समन्वय वढाईने छ र जुकोटको दुर्गम क्षेत्रबाट निर्माण गरिएको ध्वस्त लघु जलविद्युत आयोजनाको पूनर्निर्माणका लागि सम्वन्धित निकायमा पहल गर्ने कार्य लाई निरन्तरता गरिनेछ । साथै अन्य श्रोतको खोजी गरी साना लघु जलविद्युत निर्माणको नीति लिईनेछ ।

### (ट) संचार

१. प्रत्येक वडामा संञ्चार सर्भे हुने कार्य सम्पन्न भई आ व २०७६/०७७ यसै बर्ष प्रत्येक वडामा ईन्टरनेट को सेवा विस्तार गरीने छ।
२. गाउँपालिकाबाट संचालित विविध कार्यक्रमतथा सेवाप्रबाहको अधिकतम रुपमा सार्वजनिकीकरण गरी पारदर्शिता र जबाफ देहितामा अभिबृद्धि गरिनेछ । यस गाउँपालीका भित्र रेडीयोको रीले टावर स्थापनाका लागी रेडियो बुढीनन्दा लाइ अनुमति दिइ यसै आर्थिक बर्षबाट रीले स्टेसन सुचारुका लागी आबश्यक पहल गरीने छ।
३. सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकाले सोको प्रत्याभुति गर्न गाउँपालिकाले आफ्ना गतिबिधिहरु लाई बिभिन्न माध्याम बाट सहज र सर्बसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने ब्यवस्था मिलाईनेछ ।
४. स्थानीय पत्रिका, एफ. एम रेडियो मार्फत गाँउपालिकाका गतिबिधि तथा नीति नियमहरु आवश्वकता अनुसार प्रकाशन र प्रशारण गरिनेछ ।
५. सुचना र संचार क्षेत्रको संरक्षण, संवर्द्धन गर्न बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।
६. खोज मुलक र अनुसन्धान मुलक पत्रकारितालाई प्रवद्धन गर्न बिभिन्न क्षमताविका कार्यक्रम संचानल गरिनेछ ।
७. गाउँपालिकाको वेइबसाइट लाई निरन्तर अद्यावधिक गरिनेछ ।

### (ठ) विपद व्यवस्थापन

१. जोखिममा रहेका बस्ती स्थान्तरण गर्नका लागिगाँऊपालिका क्षेत्र भित्र सम्भाव्यताअ ध्ययनगरी सुरक्षित वस्ति विकासकालागि सम्वन्धित निकायमा पहलगरिन छ ।
२. विपद व्यवस्थापन कोष स्थापना र मापदण्ड बनाई राहत वितरण गरिने व्यवस्था मिलाईने छ ।
३. विपद बाट हुने धनजनको क्षति कम गर्न पुर्व तयारी तालिम र विपद योजना बनाइनेछ ।
४. विपद व्यस्थापनका लागि सरोकारवालाहरु संग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्ने नीति लिईने छ ।

### (ड) अनुगमन तथा मुल्याङकन

१. विषयगत अनुगमन समितिको निर्माण,अनुगमन सुचक निर्माण,बार्षिक अनुगमन योजना तयार गरी प्रभााबकारी अनुगमन गरिनेछ । गाँऊपालिकामा कार्यरत सरकारी तथा गैह्रसरकारी संघ सस्थाका कार्यक्रमहरुको नियमित अनुगमन गर्ने नीति लिईनेछ ।
२. सामुदायिक विद्यालय,सामुदायिक वन,सहकारीहरुको लेखा श्रेताको अनुगमन गरी पारदर्शिता कायम गर्न निर्देशन गरिने छ ।
३. गाँउपालिकाको ३ बर्षे आवधिक गाउँविकास रणनीति योजना बमोजिम विकास योजनाहरु संचालन गरिनेछ ।
४. भ्रष्ट्राचार न्यूनीकरण गर्न जनप्रतिनिधी तथा सरोकारवाला हरुको रोहवरमा सार्वजनिक सुनुवाईलाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।
५. हरेक योजनाको फोटो सहितको स्थलगत अनुगमन प्रतिवेदन आएपछि मात्र भुत्तानी दिईने व्यवस्था मिलाईने छ ।
६. गाँउपालिकाबाट सञ्चालित प्रत्येक योजनाको सार्वजनिक सुनुवाई र सामाजिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाईने छ ।
७. प्रत्येक चौमासिकमा यस गाउपालिका विकास निर्माणका कार्यमा तथा सामाजिक सरोकारमा कार्यमा संलग्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले अनिवार्य रुपमा समिक्षा गर्ने परिपाटी कडाईका साथ लागु गरिनेछ । यस कार्यका लागि कार्यपालिका सदस्य तथा कर्मचारीहरुको क्षमताविकास तर्फ समेत विशेष ध्यानदिईनेछ ।
८. गाउँपालिका तथा गाउपालिका भित्रका सार्वजनिक निकायको अनिवार्य रुपमा सामाजिक परिक्षण गर्ने व्यवस्था मिलाइने छ ।
९. गाउँपालिकाको वार्षिक योजना अर्न्तगतका कृयाकलापहरुको प्रगति प्रतिवेदन तयार गरि सार्वजनिक गरिनेछ ।

**(ढ) लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण**

१. दलित, महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका, वालवालिका, एकल महिलाहरु लाई सशसक्तकिरण का लागी बिशेष कार्यक्रम संचालन गरिनेछ ।
२. बालबालिकाको चौतर्फी बिकासका लागि बाल प्रतियोगितात्मक ,बाल मनोरञ्जनात्मक र बालमैत्रीक कार्यक्रमहरु संचालन गरिनेछ ।
३. बालमैत्री स्थानीय शासन अनुरुप काकार्यक्रम संचालन गरी वडा तथा गाउँलाई बालमैत्री गाउँपालीका बनाइनेछ ।
४. छाउपडी गोठमुक्त अभियानलाई सफलपार्न सचेतना र शिक्षाका माध्यमबाट जागरण तथा सामाजिक जनचेतना मुलक अभियान संचालन गरिनेछ ।
५. अपाङ्गभएका नागरिकहरुका लागि अपाङ्ग लक्षीत कार्यक्रमहरु संचालन गरिनेछ ।
६. बालबिवाह न्युनिकरणका लागी गाउपालीका स्थरमा बाल बिबाह न्युनीकरण जागरण अभियान संचानल गरिनेछ।
७. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत वितरण गरिने व्यवस्था यसै आथीक बर्ष बाट शुरुवात गरिनेछ ।
८. लैङ्गिक हिँसामुक्त गाउ घोषणाका लागि बिभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।
९. छाउपडी नाममा गरिने कुनैपनि विभेदलाई कानुनत अपराध मानिएकोले यस्तो अपराध गर्ने जो कोहीलाई सामाजिक कार्यमा वहिस्कृत गर्ने नीति लिईनेछ ।

**(ण) बैंक तथा सहकारी**

१. हाल यस गाउपालिकामा संचालनमा रहेका सहकारीहरुलाई उद्देश्य मुलक रुपमा संचालन गर्न प्रेरित गर्नुका साथै सहकारीहरुको नियमन गरिनेछ ।
२. सहकारी संघ संस्थाहरुको क्षमता विकास गर्ने र सवै घरपरिवारहरुलाई सहकारीमा आवद्ध हुने वातावरणको सृजना गरिनेछ ।
३. नीजि, सहकारी तथा सार्वजनिक क्षेत्रको सहकार्यमा विकास कार्यक्रम अगाडी वढाईने नीति लिईने छ ।
४. सहकारीहरुलाई स्थानीय श्रोतको परिचालन गरी आयआर्जन का क्रियाकलाप संचालन मा लगाई व्यवसाय प्रर्वधनमा सहजीकरण गरिनेछ ।
५. बैक तथा वित्तिय संस्थाहरुलाई स्वामीकार्तिक खापर गाउपालिका मा आर्कषित गर्ने नीति लिईनेछ ।
६. बैक तथा बित्तीय संस्थाहरुलाई आर्थिक समृद्धिको क्षेत्र तथा युवा स्वरोजगार मुलक कार्यमा लगानी गर्न प्रोतसाहन गरिनेछ ।
७. उच्च प्राविधिक शिक्षा हासिल गर्न चाहने गरिव, जेहेन्दार तथा दलित विद्यार्थीहरुलाई र उद्योग व्यवसाय सञ्चालन गर्ने व्यरोजगार युवाहरुलाई सहकारी मार्फत सुलभ दरमा ऋण दिने व्यवस्था मिलाईने छ ।

**(त) उद्योग तथा वाणिज्य**

१. गाउपालिका क्षेत्रभित्र जडिवुटी, फलफुलतथा जैतुनप्रशोधन केन्द्रको स्थापनाका लागि सम्वन्धित निकाय संग समन्वयकार्य अगाढी बढाइनेछ ।
२. गाउपालिका भित्रको उपयुक्त क्षेत्रलाई उद्योग क्षेत्रको रुपमा स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।
३. घरेलु तथा सानाउद्योगको विकास र प्रर्वधनमा जोड दिई युवा स्वरोजगार नीतीलाई कार्यान्वयनमा ल्याइने छ ।
४. स्थानीय कच्चापदार्थमा आधारित उद्योग स्थापनामा गर्न प्रोत्साहित गरिनेछ ।
५. गाउपालिकामा संचालन भएका तथाहुने कुनै पनि व्यवशाय गाउपालिकामा अनिवार्य दर्ता तथा नवीकरण गर्ने नीतिलाई कडाईका साथलागु गरिने छ ।
६. सार्वजनिक स्थानमा मदिरा सेवन गरी होहल्ला, झैझगडा गर्ने तथा सामाजिक सदभाव खल्वल्याउने व्यक्तिहरु तथा प्रतिवन्धित जुवातास खेल्ने तथा सार्वजनिक स्थान र वालवालिकाले देख्ने गरी कुनै पनि ठाउँमा जुवातास खेल्ने खेलाउने लाई कडा कारवाही गरिनेछ । साथै गाउँपालिका भित्र बेलुकी ६ वजे भन्दा अगाढी र साझ ९ वजे भन्दा पछि रक्सी विक्रिवितरण गर्न र खानपिन गर्न निसेध गरीने छ ।

७. स्थानीय मदिरा उत्पादनलाई पूर्णतयाप्रतिवन्धलगाईने छ । यसका लागि आमा समुह तथा टोल विकास समितिहरुलाई परिचालित गर्ने नीतिलिईने छ । मदिरा तथा जुवातास मा संलग्न व्यक्तिहरु लाई गाउपालिका बाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाबाट वञ्चित गर्ने नीतिलिईने छ ।

**(थ) संस्थागत बिकास , सेवाप्रवाह र सुशासन**

१. गाउँ कार्यपालिका कार्यालय,वडा कार्यालय, बिषयगत शाखा कार्यालयहरु का कर्मचारीहरुको कार्य विवरण तयार गरी सेवाग्राहीप्रति उत्तरदायी हुने गरी परिचालित गर्ने नीति लिईने छ । र कर्मचारी आचार संहिता निर्माण गरी लागु गरिनेछ ।
२. कर्मचारीहरुलाई गाउपालिकाले तयार गरेको क्षमता बिकास योजना बमोजिम समय सापक्षे बिभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ ।
३. गाउँपालिका का शाखा प्रमुखहरु संग कार्य सम्पादन करार गरी काम गर्ने कार्यको थलानी गरिनेछ र वार्षिक रुपमा वार्षिक प्रगतिको मूल्यांकन गरिनेछ ।
४. गाउँ सभा संचालन कार्यबिधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्वन्धि विविध बिषयहरुलाई कडाईका साथ पालना मा जोड दिईनेछ ।
५. गाउपालिकाको संस्थागत क्षमता बृद्धिका लागिचालु आब मा भौतिक पूर्वाधार बिकास तथा अभिलेख प्रणालिलाई व्यवस्थित गर्दै लगिनेछ ।
६. गाउँपालिका बाट संचालन भएका योजनाहरुको योजना बैंक निर्माण गरी आगामी योजनाहरु तय गरिनेछ ।
७. स्वामीकार्तिक खापर गाउँपालिकाको पार्श्वचित्र तयार भैईसकेको र सोहि बमोजिम आवधिक योजना, गाउँ सडक योजना, बिपद व्यवस्थापन योजना, आर्थिक विकास योजना लगायत अन्य आवश्यक योजना तर्जुमा गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ ।
८. संघीय सरकार, प्रादेशिक सरकार र स्थनीय सरकारको ऐन नियमानुसार गाउँकार्यपालिकालाई आवश्वक पर्ने स्रोतको व्यवस्था हेरी संगठन संरचना र दरबन्दी बमोजिमको आधारमा पदपुर्ति गरिनेछ ।

**(द) अन्य**

१. आन्तरीक आयमा सबल बनाउन राजश्वमा सुधार गरी सहज सरल र दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने र करदाता मैत्री वातावरण तयार गरिनेछ।
२. आन्तरिक आयबृद्धि गर्नका लागि राजश्वका/करका बिभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ ।
३. टेलिफोन टावर, केवनलाईन, होडिङबोर्ड,संचार माध्यममाप्रशारण हुने बिज्ञापनमा कर लगाईने छ ।
४. एकिकृत सम्पतीकरलाई बिस्तार गरी पूर्ण रुपमालागु गरिनेछ ।
५. गाउपालिकाले बिभिन्न क्षेत्र बाट प्राप्त गर्ने कर ,शुल्क ,तथाअन्य दस्तुरहरुलाई प्रभावकारी रुपले संकलन गर्नका लागि सम्बन्धीत सरोकारवाला निकाय हरुसंग सहकार्य गरिनेछ ।
६. राजश्वशाखा स्थापना गरी सुदुढ गर्ने र व्यवस्थितगर्दै लगिनेछ ।
७. घर नक्सा पासलाई व्यवस्थित वनाउदै लगिनेछ ।
८. गाउँ प्रहरीको स्थापना गरिने छ ।
९. मदिरा जन्यपदार्थ एवं जुवातासलाई निरुत्साहित गर्ने र नियन्त्रण गर्ने नीति लिईनेछ ।
१०. पर्यटकिय क्षेत्रहरुको सुचना दर्शाउने खालका होडिङ् बोर्डहर विभिन्न ठाउँमा राखिनेछ ।

अन्तमा गाउँ सभाले अक्तीयार गरेका निति तथा कार्यक्रमलाई कार्यनवय गर्नमा सम्पुर्ण गाउँपालिका वासी आदरणिय दाजुभाई तथा दिदिबहिनीहरुको सहयोगको अपेक्षा गर्द छु ।
धन्यवाद ।